# नेपाल नागरिक उड्डयन प्राधिकरण




आर्थिक वर्ष २०७५/०७६ को वार्षिक नीति, बजेट तथा कार्यक्रम

# Civil Aviation Authority of Nepal

## Annual Progress of F/Y 2074/75

## and

## High Lights of Policy, Budget and Program

## 2075/76

*An Inter-action with Media Partners*

19 August 2018 ( 03 Bhadra 2075)

# आर्थिक वर्ष २०७४/०७५ को नीति, बजेट तथा कार्यक्रम कार्यान्वयन तथा उपलब्धि सम्बन्धी गतिविधि / सूचकाङ्क

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल दैनिक 21 घण्टा सेवा सञ्चालनको लागि खुल्ला गरिएको ।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको ITB मा Central Air Condition System जडान भई सञ्चालनमा आएको ।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा Remote Parking Bay तथा Bay No. 1 को दक्षिणतर्फ दुई वटा Wide Body क्षमताको Parking Bay को निर्माण कार्य जारी रहेको ।
- साफेबगर, राजविराज, डोल्पा, जुफाल विमानस्थलमा कालोपत्रे गरी परीक्षण उडान गर्ने कार्यसम्पन्न भएको ।
- सुकिलुम्वा ईलाम र रेसुङ्गा गुल्मीमा रनवे Strip तयार गरी परीक्षण उडान सम्पन्न ।
- नेपालगञ्ज विमानस्थलको धावन मार्गमा Overlay कार्यसम्पन्न भएको ।
- धनगढी विमानस्थलको धावन मार्गमा Slurry seal गर्ने कार्य सम्पन्न ।

# क्रमशः

- चन्द्रगढी विमानस्थलको पूर्वतर्फ VOR /DME जडानको लागि जग्गा अधिग्रहण गर्ने कार्य प्रक्रिया अगाडि बढाईएको ।
- दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको EIA स्वीकृत भई नेपाली सेनासँग भएको समझदारी अनुसार आवश्यक समन्वय गरी रुख कटान र DPR तयारीको कार्यप्रक्रिया अगाडि बढाइएको ।
- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको लागि अधिग्रहण गरिएको पछिल्लो ५०० विगाहा जग्गा को मुआब्जा वितरण कार्य जारी रहेको ।
- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सुदृढीकरण गर्ने कार्य ५० % सम्पन्न ।
- काठमाडौं कालिमाटीडोलस्थित निर्माणाधीन प्राधिकरणको भवन ५ तलासम्मको Structure निर्माण सम्पन्न भएको ।

# क्रमश:

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल धावन मार्गको केन्द्रबाट १५० मिटर पूर्वतर्फको १४१ रोपनी जग्गा र ३७२ वटा घर टहराको मुआब्जा निर्धारण भइ वितरण कार्य चालु रहेको ।
- पोखरामा EPC Model अन्तर्गत नयाँ क्षेत्रिय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्यको लागि नेपाल सरकार र चीन सरकार बीच भएको ऋण सम्झौता बमोजिमको कार्य 15 % सम्पन्न भएको।
- ICAO AIS to AIM Transition Plan अनुसार Design/Specification तयार गरी AIS Automation कार्यप्रक्रिया अगाडि बढाइएको ।
- भट्टेडाँडा र TIA मा जडित MSSR प्रणालीको Commissioning Flight Inspection सम्पन्न भई सञ्चालनमा आएको ।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल लगायत अन्य आन्तरिक विमानस्थलमा जडान भएका Visual Aids, Nav. Aids तथा Surveillance प्रणालीहरुको Routine Flight Inspection कार्य सम्पन्न भएको ।
- भरतपुर तथा सिमिकोट विमानस्थलमा Runway End Light and Runway Threshold Identification light जडान भई सञ्चालनमा आएको ।

# क्रमशः

- विराटनगर विमानस्थलमा Taxiway light प्रतिस्थापन भइ सञ्चालनमा आएको ।
- बिभिन्न आन्तरिक विमानस्थलहरुका लागि आवश्यक Small Fire vehicle, Ultra Light Fire Vehicle, Solar Integrated Power Supply System, AFL System आदि को लगि सम्झौता भई खरिद तथा जडान कार्य अगाडि बढाइएको ।
- अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) को गम्भीर सुरक्षा चासोको सूची (SSC) बाट नेपाल हटे पश्चात European Union को safety list बाट समेत नेपाली वायुसेवालाई हटाउने गृहकार्य थालनि भएको ।
- ICAO को NGAP Program अन्तरगत प्राधिकरणको सहकार्यमा सिनामङ्गल स्थित प्राधिकरणको जग्गामा Aviation Museum स्थापना गरी सञ्चालनमा आएको ।
- अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) को Global Aviation Safety Plan (GASP) मा आधारित भई Nepal Aviation Safety Plan (NASP) तर्जुमा गरी कार्यान्वयनको चरणमा रहेको ।
- सन् २०१० देखि सन् २०१७ सम्म भएका वायुयान दुर्घटना जाँच प्रतिवेदनका सिफारिश विश्लेषण गरि प्रभावकारि कार्यन्वयनको लागि प्रकृया अगाडि बढाईएको ।
- विराटनगर विमानस्थलमा अधिग्रहण भएको जग्गाको मूआब्जा वितरण कार्य जारी रहेको ।

# क्रमशः

- प्राधिकरणसँग सम्बद्ध ऐन, नियमावली, निर्देशिका कार्यविधि आदि अंग्रेजी भाषामा अनुवाद गरी प्राधिकरणको Website मा राख्ने कार्य अद्यावधिक भएको ।
- प्राधिकरणको Three Year Plan, Business Plan, Organization and Management (O and M) Survey गर्ने कार्य अन्तिम चरणमा रहेको।
- प्राधिकरणका सम्पूर्ण स्थिर सम्पत्तिहरुको अभिलेख व्यवस्थित र भरपर्दो बनाउनका लागि स्थिर सम्पत्ति व्यवस्थापन निर्देशिका, २०७४ मस्यौदा तयार भई स्वीकृतिको क्रममा रहेको ।
- प्राधिकरणको बिज्ञापन नीति, २०७५ स्वीकृत भएको ।
- प्राधिकरणको अध्ययन तथा तालिम निर्देशिका (पहिलो संसोधन) मस्यौदा तयार भई स्वीकृतिको क्रममा रहेको ।
- प्राधिकरणको महत्वपूर्ण कागजातहरु (जग्गाको लालूर्जा, समितिको वैठक पुस्तिका, कर्मचारीहरुको अभिलेख) एकीकृत गरी सुरक्षित, व्यवस्थित र भरपर्दो बनाउनका लागि Digitization गरिएको ।


# क्रमशः

- नेपाल नागरिक उड्डयन प्राधिकरणको नगद मौज्दात प्रतिस्पर्धात्मक रुपमा व्याजदर प्राप्त हुने गरी नगद प्रवाहको व्यवस्थापन गर्न कोष व्यवस्थापन निर्देशिका, २०७४ स्वीकृत भई कार्यान्वयनमा ल्याइएको ।
- धनगढी, सिमिकोट, लुक्ला र रारा विमानस्थलको विकास तथा विस्तार कार्यको लागि आवश्यक जग्गा अधिग्रहण गर्ने कार्य सम्पन्न भएको।
- आर्थिक वर्ष २०७३/७४ सम्मको प्राधिकरणका स्थायी सम्पत्तिहरुको Physical Verification and Fair Valuation of Immovable Property र कर्मचारीहरुको दायित्व सम्बन्धी Actuarial Valuation गर्ने कार्य सम्पन्न भएको।
- प्राधिकरणको रिक्त दरवन्दीको लागि प्रकाशित विज्ञापन अनुसार विभिन्न सेवा समूह अन्तर्गतका जनशक्तिहरुको कार्यसम्पादन मूल्याङ्कन, आन्तरिक र खुला प्रतिस्पर्धाको माध्यमबाट पदपूर्ति गर्ने कार्यसम्पन्न गरिएको।
- विभिन्न सेवा÷समुह÷तहका ७८ वटा पाठ्यक्रम संशोधन / परिमार्जन गरी  कार्यान्वयनमा ल्याइएको ।

# क्रमशः

- आर्थिक वर्ष २०७२/७३ सम्मको वितिय विबरण महालेखा परीक्षकको कार्यालयबाट प्रमाणित भैआएको । २०७३/७४ को वित्तीय विबरण NFRS बमोजिमको ढाँचामा बनाई स्विकृतिको लागि महालेखा परीक्षकको कार्यालयमा पेश गरिएको ।
- स्वीकृत वार्षिक कार्यक्रम अनुसार स्वदेशी र विदेशी तालिमहरु सम्पन्न गरिएको ।
- नेपाल सरकारबाट शेयर लगानी वापत प्रप्त भएको रकमको आ. व. 2072/073 सम्मको लाभांश रकम रु 1 अर्व 63 करोड 56 लाख नेपाल सरकारलाई पठाएको ।
- प्राधिकरणको लेखा नीति, 2074 स्वीकृत भई कार्यान्वयनमा आएको ।

# Total Income of F/Y 2074/2075



# नेपाल नागरिक उड्डयन प्राधिकरण

## आर्थिक बर्ष २०७४/७५ मा प्राप्त ऋण, अनुदान र शेयर रकमको विवरण


| आर्थिक बर्ष | शेयर | ऋण | अनुदान | जम्मा |
|---|---|---|---|---|
| २०७४/७५ | १,३७३,000,000.00 | ४१२,८७४,0५९.९४ | ८८,२६८,३५३.५३ | १,८७४,१४२,४१३.४७ |
| **जम्मा :** | १,३७३,000,000.00 | ४१२,८७४,0५९.९४ | ८८,२६८,३५३.५३ | १,८७४,१४२,४१३.४७ |

| | |
|---|---|
| <u>आर्थिक बर्ष २०७४/७५</u> | |
| GAUC | २२६,३९९,३९०.१२ |
| ATCEP (Loan) | १८६,४७४,६६९.८२ |
| ATCEP (Grant) | २२,६३९,४२७.१४ |
| TPPF (grant | ६५,६२८,९२६.३९ |
| Share (Diff. Project) | १,३७३,000,000.00 |
| जम्मा : | १,८७४,१४२,४१३.४७ |

# Top Ten Income Generators 2074/75

| SN | Office Name | Income |
|---|---|---|
| 1 | त्रि. अ. वि. नागरिक उड्डयन कार्यालय | 7,257,327,541.79 |
| 2 | फ्लाईट सेफ्टी स्टयाण्डर्ड विभाग | 112,056,591.12 |
| 3 | विराटनगर नागरिक उड्डयन कार्यालय | 83,339,457.25 |
| 4 | पोखरा नागरिक उड्डयन कार्यालय | 82,298,946.79 |
| 5 | नेपालगंज नागरिक उड्डयन कार्यालय | 70,577,858.32 |
| 6 | गौतमबुद्ध वि. नागरिक उड्डयन कार्यालय | 61,492,563.50 |
| 7 | प्रधान कार्यालय (आन्तरिक) | 38,074,651.97 |
| 8 | भरतपुर नागरिक उड्डयन कार्यालय | 30,654,388.85 |
| 9 | चन्द्रगढी नागरिक उड्डयन कार्यालय | 23,566,143.77 |
| 10 | तेन्जिंग-हिलारी वि. नागरिक उड्ड्यन कार्यालय | 19,646,075.31 |

# Total Expenditure of F/Y 2074/2075



# Highest Expenditures in Terms of Budget Title 2074/75

| Budget Title | Heading | Amount |
|---|---|---|
| जग्गा खरीद तथा विकास | 1.1 | 14,185,442,212.21 |
| रन वे, ट्याक्सी वे तथा एप्रोन निर्माण | 1.2.01 | 1,554,963,442.55 |
| भवन | 1.2.02 | 296,560,074.09 |
| परामर्श तथा सल्लाह | 3.7 | 183,070,861.76 |
| बिजुली तथा पानी | 3.2.01 | 131,965,832.06 |
| सेवा प्रदायक खर्च | 3.2.09 | 109,083,424.12 |
| सपोर्ट प्रणाली उपकरण | 3.9.03 | 103,745,010.15 |
| अन्य सेवा खर्च | 3.2.08 | 97,235,969.06 |
| रन वे, ट्याक्सी वे, एप्रोन तथा सडक | 3.17.02 | 96,091,794.59 |
| यान्त्रिक उपकरण | 1.3.05 | 75,486,472.22 |
| सरसफाई | 3.17.03 | 75,114,545.11 |

# Top Ten Capital Expenditure 2074/2075

| SN | Office Name | Capital Expenditure |
|---|---|---|
| 1 | गौतमबुद्ध विमानस्थल सुदृढीकरण कार्य (SATIDP) | 9,245,056,261.32 |
| 2 | हवाई यातायात क्षमता अभिबृद्धि आयोजना (ATCEP) | 4,813,634,016.29 |
| 3 | Aerodrome Engineering Department | 1,081,533,625.85 |
| 4 | दोश्रो अन्तरराष्ट्रिय विमानस्थल आयोजना | 393,348,415.94 |
| 5 | पोखरा क्षेत्रिय अर्न्तराष्ट्रिय विमानस्थल आयोजना | 266,334,673.50 |
| 6 | Corporate Directorate | 204,752,798.81 |
| 7 | त्रि. अ. वि. ना. उ. कार्यालय | 164,881,900.64 |
| 8 | Electro-Mechanical Department | 99,802,918.81 |
| 9 | CNS Planning & Development Department | 14,180,383.12 |
| 10 | Com. & Nav. Aid Department | 13,974,038.75 |

# Top Ten Operational Expenditure 2074/2075

| SN | Office Name | Operational Expenditure |
|---|---|---|
| 1 | Finance Department | 3,459,991,934.10 |
| 2 | त्रि. अ. वि. ना. उ. कार्यालय | 1,282,368,812.38 |
| 3 | विराटनगर नागरिक उड्डयन कार्यालय | 86,791,630.90 |
| 4 | हवाई यातायात क्षमता अभिबृद्धि आयोजना (ATCEP) | 79,691,502.14 |
| 5 | यातायात योजना तयारी सुबिधा (TPPF) | 68,092,251.76 |
| 6 | नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान | 60,943,638.06 |
| 7 | नेपालगञ्ज नागरिक उड्डयन कार्यालय | 59,104,218.51 |
| 8 | Electro-Mechanical Department | 58,426,960.14 |
| 9 | Human Resource Department | 55,655,789.73 |
| 10 | Administration Department | 52,374,496.51 |

# Airports Under Operational Profit in Terms of Annual Income vs. Annual Budget Expenditure 2074/75

| SN | Office Name | Profit |
|---|---|---|
| 1 | त्रि. अ. वि. ना. उ. कार्यालय | 5,810,076,828.77 |
| 2 | पोखरा नागरिक उड्डयन कार्यालय | 36,277,457.42 |
| 3 | गौतमबुद्ध विमानस्थल नागरिक उड्डयन कार्यालय | 13,213,458.28 |
| 4 | तेन्जिंग-हिलारी विमानस्थल नागरिक उड्डयन कार्यालय | 8,975,585.24 |
| 5 | भरतपुर नागरिक उड्डयन कार्यालय | 6,911,257.82 |
| 6 | सिमिकोट नागरिक उड्डयन कार्यालय | 3,097,133.41 |
| 7 | नेपालगञ्ज नागरिक उड्डयन कार्यालय | 396,591.51 |

# Airports Under Operational Loss in Terms of Annual Income vs. Annual Budget Expenditure 2074/75

| SN | Office Name | Profit |
|---|---|---|
| 1 | जनकपुर नागरिक उड्डयन कार्यालय | -18061127.43 |
| 2 | धनगढी नागरिक उड्डयन कार्यालय | -15257476.93 |
| 3 | सिमरा नागरिक उड्डयन कार्यालय | -13911920.79 |
| 4 | सुर्खेत नागरिक उड्डयन कार्यालय | -13656286.28 |
| 5 | विराटनगर नागरिक उड्डयन कार्यालय | -11803692.22 |
| 6 | जुम्ला नागरिक उड्डयन कार्यालय | -7008824.33 |
| 7 | रुकुम (सल्ले) नागरिक उड्डयन कार्यालय | -5374824.03 |
| 8 | रुम्जाटार नागरिक उड्डयन कार्यालय | -4642148.91 |
| 9 | थामखर्क नागरिक उड्डयन कार्यालय | -4567727.52 |
| 10 | तुम्लिङ्गटार नागरिक उड्डयन कार्यालय | -4371658.99 |


# नेपाल नागरिक उड्डयन प्राधिकरण
## विमानस्थल विकास आम्दानी/खर्च (ADF)

| आर्थिक बर्ष | आम्दानी | खर्च |
|---|---|---|
| २०७१/७२ | १,६५०,०६३,०८७.६० | ३,५१५,३२५.७६ |
| २०७२/७३ | १,४८२,९१६,२९३.९९ | ११,४७९,०००.०० |
| २०७३/७४ | १,७८०,९२१,०१५.९३ | २९४,५७९,३४२.१९ |
| २०७४/७५ | १,९७६,९१०,२६८.९३ | ३,३२३,७०६,८६६.६८ |
| **जम्मा** : | ६,८९०,८१०,६६६.४५ | ३,६३३,२८०,५३४.६३ |

# आर्थिक बर्ष २०७४/७५ (ADF)

| | | |
|---|---|---|
| ATCEP | २,३८५,३००,०००.०० | जग्गा खरिद र रन्वे, ट्यासी वे |
| अर्थ विभाग | ५३५,९१२,०१७.५८ | साँबा/ब्याज भुक्तानी |
| TIA | ४०२,४९४,८४९.१० | बिबिध खर्च |
| जम्मा : | ३,३२३,७०६,८६६.६८ | |
| | | |
| हालसम्मको आम्दानी : | | ६,८९०,८१०,६६६.४५ |
| हालसम्मको खर्च : | | ३,६३३,२८०,५३४.६३ |
| बचत रकम (२०७४/७५ को आषाढमसान्त सम्म) : | | ३,२५७,५३०,१३१.८२ |

# Major Payments to the Nepal Government 2074/2075



# Fiscal Year 2075/2076

- Highlights of
- Policy
- Program
- Budget

## आर्थिक बर्ष २०७५/०७६ को वजेट तथा कार्यक्रम सम्वन्धमा

- नेपाल नागरिक उड्डयन प्राधिकरणको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक नीति, बजेट तथा कार्यक्रम तयारीका लागि प्राधिकरणको मिति २०७४/११/२१ को निर्णयानुसार गठित बजेट तर्जुमा समितिद्वारा तयार पारिएको नीति, बजेट तथा कार्यक्रम मिति २०७५/०२/२४ मा सञ्चालक समिति समक्ष पेश गरिएको। सञ्चालक समितिबाट गठित बजेट उपसमितिले व्यवस्थापनबाट पेश भएको २०७५/०७६ को नीति, बजेट तथा कार्यक्रम माथी अध्ययन, छलफल, विश्लेषण गरी तयार पारिएको ने. ना. उ. प्राधिकरण को आ.व. २०७५/०७६ को कूल रु 45 अर्ब 17 करोड 56 लाख 95 हजार 5 सय 53 (मू.अ. कर समेत) मात्रको बजेट तथा कार्यक्रम सञ्चालक समितिको मिति २०७५/०४/१८ मा बसेको ३४७ औं बैठकबाट स्वीकृत भएको ।

## २०७५/०७६ को बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सिलसिलामा मुख्यतया देहायका बुँदाहरु आधार लिइएकोछः–

- १. हवाई नीति, २०६३ मा भएको व्यवस्था ।
- २. नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ मा भएको व्यवस्था ।
- ३. नेपाल सरकारको चौधौ त्रिवर्षीय योजना (२०७३/७४ - ०७५/७६) मा भएको प्रावधान ।
- ४. नेपाल सरकारको आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम र बजेट वक्तव्य ।
- ५. प्राधिकरणको संस्थागत विकास र सुदृढीकरणका लागि सञ्चालक समिति तथा व्यवस्थापनद्वारा समय-समयमा भएका निर्णय/निर्देशनहरु ।

- ६. आर्थिक वर्ष २०७४/०७५ को चैत्र मसान्तसम्मको वास्तविक आय-व्यय विवरण, २०७५ असार मसान्तसम्मको संशोधित आय-व्यय अन्तर्गत सम्पन्न कार्यहरु तथा आर्थिक वर्ष २०७५/०७६ का लागि विभिन्न निकायहरुबाट सम्बन्धित बजेट शीर्षकहरुमा प्रस्तुत पुष्ट्याई सहितको माग ।
- ७. आर्थिक वर्ष २०७५/०७६ को लागि संभावित आयका विविध स्रोतहरु र विगत ५ वर्षको आय अध्ययन एवं विश्लेषण ।
- ८. वैदेशिक ऋण, अनुदान, नेपाल सरकारको ऋण लगानी, शेयर लगानी र अनुदानमा सञ्चालित तथा सञ्चालनमा आउने विभिन्न कार्यक्रमहरुको अध्ययन एवं विश्लेषण ।

# आर्थिक वर्ष २०७५/७६ को बजेट तथा कार्यक्रमको नीति

- नेपालको हवाई उड्डयन क्षेत्रलाई सुरक्षित, नियमित, विश्वसनीय र गुणस्तरीय बनाउन उच्चतम प्रविधिको प्रयोग र प्राविधिक जनशक्तिको विकास गर्दै लगिनेछ ।

- हवाई सेवालाई सुरक्षित बनाउन विमानस्थलहरुमा आधुनिक उड्डयन सहाय उपकरण एवं उपयुक्त प्रविधिको व्यवस्थाका साथै विमानहरुको उडान सुरक्षा, हवाइ सुरक्षा, अनुगमन र जाँच प्रणालीलाई अझ सुदृढ बनाउदै लगिनेछ ।

- विगत आर्थिक वर्षहरुमा सञ्चालित विमानस्थल निर्माण, विकास, विस्तार तथा सुदृढीकरण सम्बन्धी कार्यहरुलाई निरन्तरता दिइनेछ ।

- ICAO/EU बाट औंल्याइएका हवाई उडान र हवाई सुरक्षा सम्बन्धी त्रुटि तथा कमीकमजोरीहरु क्रमशः न्यूनीकरण गर्दै लगिनेछ ।

- नेपालको उडान सुरक्षालाई थप सुदृढ बनाउन State Safety Program (SSP) तर्जुमा गरी लागू गरिनेछ ।

# क्रमशः

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको चापलाई सम्बोधन गर्ने लगायत यात्रु सेवा सुविधा अभिबृद्धि गर्ने सम्बन्धी कार्य लाई निरन्तरता दिइनेछ ।

- त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको हवाई चापलाई व्यवस्थित गर्न काभ्रेपलाञ्चोकमा वैकल्पिक आन्तरिक विमानस्थल निर्माणको संभाव्यता अध्ययन गरी उपयुक्त देखिएमा निर्माण कार्य अघि बढाइनेछ ।

- 

- मौजुदा आन्तरिक विमानस्थलहरुको विस्तार एवं स्तरोन्नति गर्न र नयाँ विमानस्थलहरु निर्माणका लागि National Airport Plan तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण सम्पन्न हुनु अगावै सेवा सञ्चालनको उपयक्त Modality तय गरी सो बमोजिम कार्य अगाडी बढाइने छ ।

- पोखरा क्षेत्रिय अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य निर्दिष्ट समय-सीमाभित्र सम्पन्न गर्ने गरी निर्माण कार्यलाइ तिब्रता दिइनेछ ।

# क्रमशः

- निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि जग्गा प्राप्ती, बस्ती स्थानान्तरण, चार किल्ला वरिपरि सडक निर्माण, पहुँच मार्ग निर्माण र सो क्षेत्रमा पर्ने रुखहरु कटानी लगायतका पूर्व तयारीका कार्यहरुलाई नेपाली सेना लगायत सम्बद्ध निकायहरुको सहकार्यमा आगामी दुई बर्ष भित्र सम्पन्न गर्ने गरी आवश्यक कार्य अगाडी बढाइनेछ ।

- हवाई सेवालाई थप सुरक्षित र रात्री उडान योग्य बनाउन धनगढी, जनकपुर तथा चन्द्रगढी विमानस्थलहरुमा आवश्यक्ता अनुसार आधुनिक उड्डयन सहाय उपकरण तथा एयरफिल्ड लाइटिंग सिष्टमको व्यवस्था गरिनेछ ।
- ठूला वायुयान उडान/अवतरण गर्ने आन्तरिक विमानस्थलहरुमा भू–उपग्रहमा आधारित यान्त्रिक उडान प्रणाली Satellite Based IFR Procedure क्रमशः लागू गर्दै लगिनेछ ।

- विराटनगर, जनकपुर, नेपालगंज र धनगढी विमानस्थललाई स्तरोन्नती गरी छिमेकी मुलुकहरुसम्म उडान सुरु गर्न पहल गरिनेछ ।
-
- आन्तरिक विमानस्थलहरुमा एयर ट्राफिक सेवाको स्तरीयता कायम राख्न आन्तरिक अडिटको वार्षिक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

# क्रमशः

- विमानस्थलहरुमा उपलव्ध यात्रु-सेवा सुविधाको अभिवृद्धिका लागि यथोचित स्तरोन्नती गरिनेछ ।
- न्यून उडान भएका विमानस्थलहरुमा राखिने संचार तथा उड्डयन सहाय उपकरणहरुको निर्धारण बारेमा आवश्यक अध्ययन गरिने छ।
- उच्च पहाडी भू-भागमा रहेका उडान सुरक्षाका दृष्टिले चुनौतीपूर्ण मानिने विमानस्थलहरुमा Aerodrome Flight Information Service लाई सुदृढीकरण गरिनेछ ।
- हेलिप्याड नपुगेका सबै स्थानीय तहमा सम्बन्धित स्थानीय निकायले हेलिप्याड निर्माण गर्न प्राधिकरण बाट प्राबिधिक सहयोग मागगरेमा प्राधिकरणबाट स्थानिय तहलाई आवश्यक प्राबिधिक सहयोग उपलब्ध गराउनेछ।
- राष्ट्रिय गौरवका आयोजना लगायत अन्य आयोजनाहरुको कार्यालयमा आयोजना प्रमुख लगायत सम्पूर्ण कर्मचारीहरु आयोजना स्थलमा नै अनिवार्य रुपमा रहनुपर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

# क्रमशः

- राष्ट्रिय गौरवका आयोजना लगायत अन्य आयोजनाहरुको आयोजना प्रमुखलाई अनिवार्य रुपमा अख्तियारी दिई पूर्ण जवाफदेही बनाइनेछ ।
- विमास्थल विस्तारका लागि अत्यवश्यक जग्गा मात्र अधिग्रहण/खरीद गर्ने नीति अवलम्वन गरिनेछ ।
- भौतिक पूर्वाधार निर्माण तथा उपकरण खरिद/जडान सम्बन्धमा गरिने सम्भाव्यता अध्ययन प्रक्रियामा प्रत्यक्ष सम्लग्न हुने प्राविधिक पदाधिकारी यसको परिणाम सँग जिम्मेवार हुनेगरि व्यवस्था मिलाइनेछ ।
- सम्बन्धित प्राविधिक जनशक्ति नभएका कर्यालयमा निर्माण, खरिद तथा जडान गरिनुपर्ने कार्यको हकमा नेपाल सरकारको सम्बन्धित निकायका प्राविधिक जनशक्ति मार्फत कार्य अगाडि बढाइनेछ।
- नेपाल सरकार (मन्त्रिपरिषद) बाट स्वीकृत सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन ,२०७५ अवलम्वन गरिनेछ ।

# क्रमशः

- विमानस्थल निर्माण तथा स्तरोन्नतिको लागि वैदेशिक दातृ निकायले अनुदान स्वरुप नेपाल सरकारलाई उपलब्ध गराउने रकम नेपाल सरकारले प्राधिकरणलाई समेत अनुदान कै रुपमा लगानी गर्ने व्यवस्थाको लागि आवश्यक पहल गरिनेछ ।
- नेपाल सरकारको श्रोत (ऋण लगानी, शेयर लगानी, अनुदान) मा संचालन गरिने कार्यक्रम एवं बजेटको सम्बन्धमा प्राधिकरणको व्यवस्थापनमा छलफल गरी निक्र्यौल गरिएका कार्यक्रममा मात्र कर्पोरेट निर्देशनालय मार्फत वजेट प्रस्ताव गर्ने नीति अवलम्वन गरिनेछ ।
- नयाँ विमानस्थल निर्माणकार्य को लागि आवश्यक पर्ने जग्गा एकमुष्ठ निःशुल्क प्राप्त गरी EIA तथा Geo-technical Study बाट उचित ठहरिएको अवस्थामा मात्र निर्माण कार्य प्रारम्भ गर्ने नीति अङ्गीकार गरिनेछ । प्रारम्भिक चरण सम्पन्न नभएका आयोजना ÷परियोजना निर्माणमा बजेट विनियोजन गरिने छैन । सञ्चालनमा रहेका विमानस्थलहरुको स्तरोन्नति गर्न आवश्यक जग्गा एकमुष्ठ खरिद गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- प्राधिकरणद्वारा प्रवाह हुने सेवा गुणस्तरीय, प्रभावकारी, स्वच्छ, प्रतिस्पर्धात्मक बनाई उत्कृष्ट सेवा कायम गर्न यथासंभव सञ्चालन खर्चमा मितव्ययिता अपनाइ पूँजीगत खर्चमा जोड दिइनेछ।
- हवाई सेवाको उपयोगमा नआएका जग्गाहरु तथा प्रयोगमा नआएका भवन, कोठाहरुको व्यावसायिक योजना बनाइ ब्यावसायिक गतिविधी मार्फत आय आर्जन गरी Non Aeronautical Revenue वृद्धि गर्न जोड दिइनेछ।

# क्रमशः

- Airport Automation and solution प्रविधि स्थापना गर्न गृहकार्य अगाडि बढाईने छ ।
- Management Information System (MIS) को प्रभावकारी सञ्चालन र व्यवस्थापन गरी भरपर्दो Networking व्यवस्था मिलाइने छ ।
- प्राधिकरणको Movable Property, आसामी, शेयर लगानीको Fair Valuation गरिनेछ ।
- प्राधिकरणको आर्थिक प्रशासन तथा खरिद सम्बन्धी नियमावली र दैनिक भ्रमण भत्ता नियमावली बनाई लागू गरिनेछ ।
- स्वदेशी/वैदेशिक तालीम, सेमिनार तथा गोष्ठीमा कर्मचारीको मनोनयन गर्ने सम्बन्धमा स्वीकृत योजना/नीति तथा निर्देशिका कडाईकासाथ लागू गरिनेछ । वार्षिक बजेट खर्च गरी वैदेशिक भ्रमण गर्दा, मितव्ययी र छोटो अवधिको भ्रमणलाई जोड दिइनेछ ।

# क्रमशः

- कर्मचारी आवास गृह भएका विमानस्थलहरुमा आवश्यकता अनुसार मर्मत संभार गरी कर्मचारीहरु अनिवार्य रुपमा आवास गृहमा बस्नुपर्ने व्यवस्था कडाइका साथ लागू गरिनेछ।

- उडान सुरक्षा सुदृढीकरण क्षेत्रमा ICAO, EASA, DGAC France, COSCAP-South Asia लगायतका अन्तर्राष्ट्रिय सँघ संस्थासँगको सहकार्यलाई निरन्तरता दिइनेछ ।

- नयाँ विमानस्थल निर्माण गर्नुपर्दा विमानस्थल सम्बन्धी मापदण्ड, 2073 लाई अनुसरण गरिनेछ।


- सामान्यतय ठुला विमानस्थलहरुमा सञ्चलनमा रहेका Console उपकरणहरु प्रतिस्थापन हुँदा उक्त Console तथा उपकरणहरु दुर्गम विमानस्थलहरुमा पुन प्रयोग हुने देखिएमा पुन प्रयोग गर्ने नीति अपनाइनेछ।

- न्यून उडान हुन विमानस्थलहरुमा राखिने संचार उपकरणहरुको निर्धारण सम्बन्धमा अध्ययन गरिनेछ ।

# आर्थिक वर्ष २०७५/७६ को बजेट तथा कार्यक्रम सम्बन्धी कार्यनीति

- १. एयर नेभिगेशन सर्भिसेज सम्बन्धी कार्यनीति
- २. उडान सुरक्षा सम्बन्धी कार्यनीति
- ३. कर्पोरेट, प्रशासकीय तथा वित्तीय सम्बन्धी कार्यनीति
  - ३.१ कर्पोरेट सम्बन्धी कार्यनीति
  - ३.२ प्रशासकीय कार्यनीति
  - ३.३ वित्तीय अनुशासन तथा आर्थिक सुधार सम्बन्धी कार्यनीति
- ४. एरोड्रम अपरेशन सम्बन्धी कार्यनीति
- ५. विमानस्थल व्यवस्थापन तथा विकास
  - ५.१ अन्तर्राष्ट्रिय विमानस्थल सम्बन्धी कार्यनीति
  - ५.२ राष्ट्रिय गौरवका आयोजना सम्बन्धी कार्यनीति
  - ५.३ अन्य आयोजना सम्बन्धी कार्यनीति
- ६. नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान सम्बन्धी कार्यनीति

# Income Source for F/Y 2075-76



# प्रक्षेपण तथा यथार्थ आम्दानीको तुलनात्मक तालिका


| आर्थिक बर्ष | प्रक्षेपण | यथार्थ आम्दानी | प्रक्षेपणको आम्दानी प्रति |
|---|---|---|---|
| २०६४/६५ | १ अर्ब ८६ करोड ६६ लाख | १ अर्ब ९५ करोड २९ लाख | ४.६२ बढी |
| २०६५/६६ | १ अर्ब ९७ करोड ६१ लाख | २ अर्ब ३३ करोड ९३ लाख | १८.३८ बढी |
| २०६६/६७ | २ अर्ब २७ करोड ४७ लाख | २ अर्ब ४४ करोड ४८ लाख | ७.४८ बढी |
| २०६७/६८ | ३ अर्ब ०० करोड १४ लाख | २ अर्ब ७३ करोड ७९ लाख | ८.७८ घटी |
| २०६८/६९ | ३ अर्ब २० करोड ०४ लाख | ३ अर्ब ३६ करोड ६५ लाख | ५.१९ बढी |
| २०६९/७० | ३ अर्ब ०२ करोड ०२ लाख | ३ अर्ब ५२ करोड १२ लाख | १६.५९ बढी |
| २०७०/७१ | ३ अर्ब ४४ करोड ९७ लाख | ३ अर्ब ९१ करोड २२ लाख | १३.४१ बढी |
| २०७१/७२ | ४ अर्ब ११ करोड ३३ लाख | ४ अर्ब ५६ करोड १९ लाख | १०.९१ बढी |
| | विमानस्थल विकाश शुल्क<br>रु. १ अर्ब ४५ करोड ७७ लाख | विमानस्थल विकाश शुल्क<br>रु. १ अर्ब ८६ करोड ९६ लाख | ९.६७ बढी |
| २०७२/७३ | ३ अर्ब ८७ करोड ७६ लाख | ४ अर्ब ५४ करोड ४३ लाख | १७.१९ बढी |
| | विमानस्थल विकाश शुल्क<br>रु. १ अर्ब ५३ करोड ५० लाख | विमानस्थल विकाश शुल्क<br>रु. १ अर्ब ४८ करोड २९ लाख | ३.३९ घटी |
| २०७३/७४ | ४ अर्ब ६३ करोड ५७ लाख | ५ अर्ब ४८ करोड ८३ लाख | १८.४२ बढी |
| | विमानस्थल विकाश शुल्क<br>रु. १ अर्ब ८४ करोड | विमानस्थल विकाश शुल्क<br>रु. १ अर्ब ४८ करोड ६३ लाख | १९.२२ घटी |
| २०७४/७५ | ५ अर्ब ४९ करोड ४३ लाख | ५ अर्ब ३६ करोड ९५ लाख | २.२७ घटी |
| | विमानस्थल विकाश शुल्क<br>रु. १ अर्ब ९५ करोड ८६ लाख | विमानस्थल विकाश शुल्क<br>रु. २ अर्ब १२ करोड ७९ लाख | ८.६४ बढी |
| २०७५/७६ | ५ अर्ब ९६ करोड ८३ लाख | | |
| | विमानस्थल विकाश शुल्क<br>रु. २ अर्ब ३४ करोड ७ लाख | | |

# एरोनोटिकल  तथा नन् एरोनोटिकल आय तालिका


## रु करोडमा

| आर्थिक बर्ष | एरोनोटिकल आय | | नन एरोनोटिकल आय | | जम्मा रु. |
|---|---|---|---|---|---|
| | आय रु. | प्रतिशत | आय रु. | प्रतिशत | |
| २०७५/०७६ | ४४७.६९ | ७५.००% | १४९.२३ | २५.००% | ५९६.९३ |
| २०७४/०७५ | ३८९.६६ | ७२.५७% | १४७.२८ | २७.४३% | ५३६.९५ |
| २०७३/०७४ | ३६६.८७ | ६६.८५% | १५७.१६ | २८.६४% | ५४८.८३ |
| २०७२/०७३ | ३१५.९९ | ६८.८३% | १४३.१३ | ३१.१७% | ४५९.१२ |
| २०७१/०७२ | ३२४.७४ | ७३.४३% | ११७.५१ | २६.५७% | ४४२.२५ |
| २०७०/०७१ | २९५.५८ | ७३.०३% | १०९.१७ | २६.९७% | ४०४.७५ |
| २०६९/०७० | २६२.४० | ७४.१६% | ९१.४२ | २५.८४% | ३५३.८२ |
| २०६८/०६९ | २४७.११ | ७३.४२% | ८९.४४ | २६.५८% | ३३६.५४ |
| २०६७/०६८ | २१६.७२ | ७९.१५% | ५७.०८ | २०.८५% | २७३.८१ |
| २०६६/०६७ | २०३.१७ | ८३.१०% | ४१.३२ | १६.९०% | २४४.४८ |
| २०६५/०६६ | १७०.८१ | ७३.०२% | ६३.१२ | २६.९८% | २३३.९३ |
| २०६४/०६५ | १४७.६७ | ७५.६२% | ४७.६१ | २४.३८% | १९५.२९ |
| २०६३/०६४ | १३३.७७ | ८५.३६% | २२.९४ | १४.६४% | १५६.७१ |

# Comparative Scenario of Income



# Proposed Expenditure for F/Y 2075-76




# व्यय सम्बन्धी तुलनात्मक तालिका

## करोडमा

| आर्थिक वर्ष | प्रस्तावित | | | वास्तविक | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पूँजीगत खर्च | कार्यसंचालन खर्च | जम्मा | पूँजीगत खर्च | % | कार्यसंचालन खर्च | % | जम्मा | % |
| २०७५/०७६ | ३,४२५.०४ | ३८६.६५ | ३,८११.६९ | | | | | | |
| २०७४/०७५ | ३,२६५.१४ | ३५३.१५ | ३,६१८.२८ | | | | | | |
| २०७३/०७४ | २,७३५.४० | ३४८.५४ | ३०८३.९४ | २४३.९५ | ८.९२% | २२४.९७ | ६४.५५% | ४६८.९३ | १५.२१% |
| २०७२/०७३ | १,९४२.३४ | २६८.१५ | २,२१०.४९ | ४४१.१४ | २२.७१% | १८३.९० | ६८.५८% | ६२५.०४ | २८.२८% |
| २०७१/०७२ | १,३३२.२३ | ३०५.५७ | १,६३७.८१ | २०२.०५ | १५.१७% | १८२.६४ | ५९.७७% | ३८४.६९ | २३.४९% |
| २०७०/०७१ | ९३२.८६ | २१२.९७ | १,१४५.८३ | ३१७.९२ | ३४.०८% | १५४.८९ | ७२.७३% | ४७२.८१ | ४१.२६% |
| २०६९/०७० | ५६३.०३ | ११५.७६ | ६७८.७९ | ९३.९५ | १६.६९% | १३६.८३ | ६९.९०% | २३०.७८ | ३०.४१% |
| २०६८/०६९ | ३०६.३४ | ११०.६३ | ४१६.९८ | ८७.०२ | २८.४१% | ११४.१६ | ५९.८८% | २०१.१८ | ४०.४८% |
| २०६७/०६८ | ३२९.३८ | १७४.८५ | ५०४.२२ | १४०.६५ | ४२.७०% | १०९.४६ | ६२.६१% | २५०.१२ | ४९.६०% |
| २०६६/०६७ | ३३७.८४ | १०४.५७ | ४४२.४१ | १२३.९० | ३६.६७% | ९१.२२ | ८७.२३% | २१५.११ | ४८.६३% |
| २०६५/०६६ | १४०.०८ | ८८.४६ | २२८.५३ | ७८.१९ | ५५.८२% | ६३.९७ | ७२.३३% | १४२.१६ | ६२.२१% |
| २०६४/०६५ | ९९.६२ | ७३.४३ | १७३.०४ | ३२.०३ | ३२.१६% | ५५.२४ | ७५.२३% | ८७.२७ | ५०.४३% |
| २०६३/०६४ | ७८.०५ | ७७.२४ | १५५.२९ | २१.८९ | २८.०५% | ५०.८४ | ६५.८२% | ७२.७३ | ४६.८४% |

# Proposed Expenditure in Different F/Y




# प्राधिकरणको बजेट श्रोत

| आर्थिक वर्ष | प्राधिकरण | नेपाल सरकार | कैफियत |
|---|---|---|---|
| ०६८/६९ | रु ४ अर्ब ९५ करोड २७ लाख | रु १ अर्ब २० करोड २५ लाख | रु १ अर्ब ३ करोड शेयर<br>रु १७ करोड २५ लाख ऋण |
| ०६९/७० | रु ४ अर्ब ७९ करोड १९ लाख | रु ४ अर्ब ४ करोड ७६ लाख | रु ८० करोड शेयर<br>रु २ अर्ब ९९ करोड ९ लाख ऋण<br>रु २५ करोड ७६ लाख अनुदान |
| ०७०/७१ | रु ६ अर्ब ८८ करोड ४९ लाख | रु ६ अर्ब ४८ करोड ५८ लाख | रु १ अर्ब ३१ करोड ५० लाख शेयर<br>रु ३ अर्ब ४९ करोड २७ लाख ऋण<br>रु १ अर्ब ६७ करोड ८१ लाख अनुदान |
| ०७१/७२ | रु ११ अर्ब ५६ करोड ६ लाख | रु ८ अर्ब २५ करोड २ लाख | रु २ अर्ब ७२ करोड २८ लाख शेयर<br>रु ४ अर्ब ३५ करोड ८७ लाख ऋण र<br>रु १ अर्ब १६ करोड ८७ लाख अनुदान |
| ०७२/७३ | रु १४ अर्ब १७ करोड ३९ लाख | रु ११ अर्ब ७५ करोड ३७ लाख | रु १ अर्ब ४२ करोड १० लाख शेयर<br>रु २ करोड २२ लाख ऋण (SATIDP) |
| ०७३/७४ | रु १७ अर्ब ४२ करोड ३६ लाख | रु १९ अर्ब ९१ करोड ४८ लाख | रु ६ अर्ब ५७ करोड ६२ लाख शेयर<br>रु १० अर्ब १० करोड ७७ लाख ऋण |
| ०७४/७५ | रु २४ अर्ब १० करोड ५१ लाख | रु १९ अर्ब ४९ करोड १८ लाख | रु ७ अर्ब ४७ करोड ९० लाख शेयर<br>रु ११ अर्ब ८६ करोड ऋण र<br>रु १५ करोड २८ लाख अनुदान |
| ०७५/७६ प्रस्तावित | रु २४ अर्ब ३२ करोड ५७ लाख | रु २० अर्ब ८५ करोड | रु ७ अर्ब ५२ करोड ३१ लाख शेयर<br>रु ११ अर्ब ८२ करोड ६९ लाख<br>रु १ अर्ब ५० करोड अनुदान |

# आ.व. २०७५/७६ को आय व्ययको सारांश तालिका

| आय तर्फ | | व्यय तर्फ | |
|---|---|---|---|
| आम्दानी | ५ अर्ब ९६ करोड ९३ लाख | पुंजीगत खर्च | ३४ अर्ब २५ करोड ४ लाख |
| विमानस्थल विकाश शुल्क | २ अर्ब ६४ करोड ५० लाख | कार्य संचालन खर्च | ३ अर्ब ८६ करोड ६५ लाख |
| ऋण/शेयर/अनुदान | २० अर्ब ८५ करोड | | |
| **जम्मा** | **२९ अर्ब ४६ करोड ४३ लाख** | **जम्मा** | **३८ अर्ब ११ करोड ६९ लाख** |
| नेपाल सरकारबाट प्राप्त हुनुपर्ने | ६८ करोड ४० लाख | **सावाँ/ब्याज भुक्तानी** | १ अर्ब २३ करोड ४२ लाख |
| नेपाल वायुसेवा निगमको असामी | ७ करोड २८ लाख | लाभांस | ८९ करोड ५५ लाख |
| | | मू.अ.कर | २ अर्ब ४७ करोड ३६ लाख |
| **जम्मा आम्दानी** | **३० अर्ब २२ करोड ११ लाख** | कर्मचारी बोनस | ८९ करोड ९२ लाख |
| | | वायुयान संचालन कोषको नन्अपरेटिङ खाता | ५७ करोड २५ लाख |
| | | स्थिर सम्पती प्रतिस्थापन कोष | ७६ करोड ६७ लाख |
| २०७५ श्रावणको शुरु बैंक मौज्दात | १५ अर्ब २९ करोड १६ लाख | आयकर व्यवस्था | २१ करोड ७१ लाख |
| **जम्मा** | **४५ अर्ब ५१ करोड २७ लाख** | **जम्मा** | **४५ अर्ब १७ करोड ५७ लाख** |
| **खुद बचत** | **३३ करोड ७० लाख** | | |

# Comparison of Expenditure 2074/75 and 2075/76



# धन्यबाद ।